आज मिति २०८२।१२।१७ गतेका दिन यस ब्याँस गाउँपालिका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा बसेको ब्याँस गाउँकार्यपालिकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री मंगल सिह धामी | अध्यक्ष |
| २. | श्री विनोद सिह कुँवर | उपाध्यक्ष |
| ३. | श्री अशोक सिह बोहरा | १ नं. वडा अध्यक्ष |
| ४. | श्री धिरन सिह बुढाथोकी | २ नं. वडा अध्यक्ष |
| ५. | श्री उपेन्द्र सिह धामी | ३ नं. वडा अध्यक्ष |
| ६. | श्री झुन सिह बिष्ट | ४ नं. वडा अध्यक्ष |
| ७. | श्री विर सिह धामी | ५ नं. वडा अध्यक्ष |
| ८. | श्री राजेन्द्र सिह कुँवर | ६ नं. वडा अध्यक्ष |
| ९. | श्री अस्पाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| १०. | श्री आस्मती वि.सि. | कार्यपालिका सदस्य |
| ११. | श्री कलम राम भूल | कार्यपालिका सदस्य |
| १२. | श्री धाना देवी बम | कार्यपालिका सदस्य |
| १३. | श्री कलावती डडाल | कार्यपालिका सदस्य |
| १४. | श्री पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| १५. | श्री कृष्णानन्द बडू | सदस्य सचिव |

**प्रस्तावहरु:**

१. कृषि एम्बुलेन्सका लागि बजेट सुनिश्चितता सम्बन्धमा।

२. स्थानीय पसलहरुका विल भुक्तानी सम्बन्धमा।

३. खर्च रकम भुक्तानी सम्बन्धमा ।

४. योजना कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।

५. कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा ।

६. बजेट व्यवस्थापन सम्बन्धमा।

७. छाङ्गरु टोल बस्ती हेरालुको व्यवस्थापन सम्बन्धमा।

८. योजनाहरुको म्याद थप गर्ने सम्बन्धमा।

९. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कृषि विकास निर्देशनालय दिपायल डोटीको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम "उत्पादित कृषि बस्तु ढुवानी तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम" मा ब्याँस गाउँपालिका छनौटमा परेको हुनाले उक्त कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमको बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | योजनाको नाम | स्रोत | बजेट | रकमान्तर गरेको योजना तथा कार्यक्रमको नाम | बजेट |
|---|---|---|---|---|---|
| १. | तिमुरपाटा, हुती, धौलाकोट, मडगाउँ माल सडक | नेपाल सरकार- समानिकरण अनुदान | १,९६,७९,६०० | उत्पादित कृषि बस्तु ढुवानी तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम | १५ लाख |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा ब्याँस गाउँपालिका अध्यक्षको सचिवालयमा अतिथिहरुको सत्कार तथा सचिवालयमा खाना, खाजा, चिया बापतको रकम तपसिल बमोजिमका स्थानीय पसलहरुको संलग्न बिल भरपाईका आधारमा गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

| क.स. | पसलको नाम | भुक्तानी रकम | विवरण | कै. |
|---|---|---|---|---|
| १. | आरुस होटल एण्ड बियरबार ब्याँस गा.पा.-४ सुन्सेरा | ३११,५९० | खाजा, नास्ता, कोठा भाडा | |
| २. | रिदम होटल एण्ड बियरबार ब्याँस-४ सुन्सेरा | ३७,००० | खाजा, नास्ता | |

**निर्णय नं. ३**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व. २०८१/०८२ मा ब्याँस गाउँपालिकाको अन्तिम भुक्तानी प्रयोजनार्थ ओम होटल एण्ड लज महाकाली- ५ खलङ्गामा डोरमुकाम कार्यालय स्थापना गर्दा भएको तपसिल बमोजिमको रकम संलग्न बिल भरपाईका आधारमा गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

| क.स. | पसलको नाम | भुक्तानी रकम | विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | ओम होटल एण्ड लज महाकाली- ५ खलङ्गा | १४१,००० | खाजा, खाना, कोठा भाडा, पानी | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा ब्याँस गाउँपालिका वडा नं. ६ मा कार्यान्वयन हुने माइरी-खातीगाउँ सडक पर्खाल निर्माण ब्याँस -६ योजनालाई कोटेशन विधिबाट कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा ब्याँस गाउँपालिकामा विभिन्न समयमा संचालन भएका भएका तपसिल बमोजिमका कार्यक्रमहरुको देहाय बमोजिमको शिर्षकहरुबाट रकम विनियोजन गरी संलग्न कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो।

**तपसिल**

| क.स. | कार्यक्रमको विवरण | शिर्षक | बजेट |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति, ब्याँस गा.पा., दुहु गा.पा., नौगाड गा.पा. र अपि हिमाल गा.पा.को अन्तरपालिका समन्वय बैठक | पदाधिकारी बैठक भत्ता | १२०,००० |
| २ | सामुदायिक बन संरक्षण, दिगो व्यवस्थापन, तथा जैविक विविधता संरक्षण सम्बन्धी सामुदायिक वनका उपभोक्ता संगको अन्तर्क्रिया कार्यक्रम | विविध कार्यक्रम | १०५,००० |
| ३ | छाङ्गरुबाट वडा नं. २ दुम्लीङ्गसम्मको घो.बा. निर्माणको समद्घाटन | सम्बन्धित योजनाको कन्टेन्जेन्सी | १३०,००० |
| ४ | योजना सम्झौता घुम्ती शिविर | कन्टेन्जेन्सी | ५१,००० |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा ब्याँस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने आसीकान्ना चौपाता वाल निर्माण वडा नं. ६ योजनाको लागि रु १५०,००० रकम सुनिश्चित गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. १ मा छाङ्गरु टोल बस्ती हेरालुको लागि सोही ठाउँमा स्थायी ठेगाना भएका श्रीमती अनिता ऐतवाल संग मिति २०८२/०८/०१ गते देखि २०८३ वैशाख मसान्त सम्मका लागि करार सम्झौता गरी निजलाई मासिक १५००० का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ब्याँस गाउँपालिका अन्तर्गत कार्यान्वयन भइरहेका तपसिल बमोजिमका योजनाहरु विविध कारणले समयमै सम्पन्न हुन नसकेकोले म्याद थपको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले उक्त योजनाहरुको तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.स. | योजनाको नाम | म्याद थप गरिएको अवधी | कै. |
|---|---|---|---|
| १ | वडा नं. ४ चक्रपथ निर्माण(कोरकट्या-डोकट-मडगाउँ गल्था, पथरकोट क्रमागत) | मिति २०८३ असार १५ सम्म | |
| २ | धौलाकोट स्वास्थ्य चौकी मर्मत वडा नं. ५ | मिति २०८३ वैशाख २० गते | |
| ३ | हिमालय मा.वि. शौचालय निर्माण वडा नं. ६ | मिति २०८३ जेठ २० गते सम्म | |